# असफल यात्राको कथा

गोविन्द वर्तमान

## आरम्भ

कलाको एउटा माध्यमबाट अर्को माध्यममा रूपान्तरण एउटा चुनौतीपूर्ण प्रक्रिया हो । कुनै चित्रकारले कुनै कवितालाई चित्रमा रूपान्तरण गर्नु वा कुनै कथाको केन्द्रीय विचारलाई चित्रमा प्रस्तुत गर्नुलाई कलाको माध्यमको रूपान्तरण भन्न सकिन्छ । एउटा पेन्टिङ हेरेर कविले कविता लेख्नु पनि त्यस्तै रूपान्तरण हो । यस्तो रूपान्तरणमा एउटा माध्यमबाट अर्को माध्यममा लैजाँदा पहिलो स्वरूपको अन्तर्वस्तुप्रति दोस्रो स्वरूपले पर्याप्त न्याय गर्न सकेन भने रूपान्तरणको प्रक्रिया निष्फल हुन्छ । रूपान्तरणको सफलता त्यसको समग्र प्रक्रियाको गम्भीर तथा सम्वेदनशील प्रस्तुतिमा निर्भर गर्छ ।

कलाको एउटा माध्यम साहित्यबाट कलाको अर्को माध्यम चलचित्र बनाउने प्रक्रियामा विश्वका थुप्रै चलचित्रकर्मीहरूले आफ्नो विधागत ज्ञान र सिर्जनशीलताको राम्रो प्रयोग गरेका छन् । यसरी बनाइएका चलचित्रहरू साहित्यक कृतिको उचाइलाई न्याय प्रदान गर्न सफल भएका छन् । नेपालमा पनि केही वर्षअघि मात्र नाटककार बालकृष्ण समको नाटक 'प्रेमपिण्ड' लाई चलचित्र निर्देशक यादव खरेलले चलचित्र बनाए । केही कमजोरी हुँदाहुँदै पनि त्यो चलचित्र प्रशंसित मात्रै भएन, त्यसले व्यावसायिक सफलता पनि हासिल गऱ्यो । त्यसै गरी कलाकार तथा निर्देशक नीर शाहले उपन्यासकार डायमण्ड शमशेरको प्रसिद्ध उपन्यास 'वसन्ती' लाई चलचित्रमा रूपान्तरण गरे । त्यसअघि उनै नीर शाहले ध्रुवचन्द्र गौतमको उपन्यास 'कट्टेल सरको चोटपटक' लाई कलाको अर्को माध्यममा रूपान्तरण गरेर 'वासुदेव' चलचित्र बनाएका थिए । प्रेमपिण्ड, वसन्ती

*मिडिया अध्ययन* २: २८१-२९७, २०६४

र वासुदेव तीनओटै चलचित्रलाई नेपाली चलचित्र जगतमा राम्रा चलचित्रका रूपमा गणना गरिन्छ । त्यसभन्दा अघि गुरुप्रसाद मैनालीको कथा 'परालको आगो' मा बनेको चलचित्र पनि निकै राम्रो मानिएको हो ।

नेपाली चलचित्र उद्योग अझै अविकसित अवस्थामा छ । विकसित हुने प्रयत्न गरिरहेको यस उद्योगले साहित्यिक कृतिहरूमाथि न्याय पुग्ने गरी चलचित्र बनाउने आँट र तदारुकता आवश्यक मात्रामा देखाउन सकेको छैन । 'शिरीषको फूल' जस्तो गम्भीर उपन्यासमाथि चलचित्र बनाउने प्रयास सुरु भएको छ । तर त्यस कृतिको महत्तालाई माथि उठाउने गरी चलचित्र बन्ने कुरामा चलचित्र क्षेत्रकै मानिसहरू आशावादी छैनन् । त्यसका केही निश्चित कारणहरू छन् । ती कारणहरूमध्ये साहित्य र चलचित्र क्षेत्रका विषयमा गम्भीर ज्ञान र समझ नभएका पैसावाल रउसे मानिसहरू चलचित्र क्षेत्रको चमकधमक र लोकप्रियताबाट असन्तुलित ढङ्गले आकर्षित हुनु हो । रउसेहरूको रउसको अगाडि ज्ञानीका ज्ञानहरू पराजित हुने स्थिति बन्छ । यही स्थिति अहिले बनिरहेको छ र रउसे पैसावालहरू सक्रिय भएका छन् । तथापि सत्प्रयासहरूको अन्त्य भएको छैन ।

ठूलो पर्दाको चलचित्रबाहेक सानो पर्दाको चलचित्रमा पनि साहित्यिक रचनाहरूले प्रभावशाली स्थान लिने गरेका छन् । भारतमा भीष्म साहनीको उपन्यास 'तमस' माथि बनेको टेली शृङ्खलाले आम भारतीयहरूको बीचमा पुस्तकले भन्दा बढी तहल्का मच्चाएको थियो । विश्वमा यस्ता अन्य उदाहरणहरू पनि प्रशस्त छन् ।

टेली शृङ्खलाका निम्ति नेपालमा पनि केही सचेत प्रयासहरू भएका छन् । ती प्रयासहरूले आंशिक सफलता पनि पाएका हुन् । नेपाली उपन्यासलाई टेली शृङ्खलामा रूपान्तरण गर्ने काम पनि भइसकेको छ । उपन्यासकार ध्रुवचन्द्र गौतमका उपन्यासहरू 'अलिखित', 'निमित्त नायक', 'एक सहरमा एक कोठा' जस्ता उपन्यासहरूमाथि बनेका टेली शृङ्खलाहरूले पनि चर्चा र दर्शक दुवै राम्रो पाएका हुन् । प्रसिद्ध आख्यानकार रमेश विकलको उपन्यास 'अविरल बग्दछ इन्द्रावती' माथि बद्री अधिकारीको निर्देशनमा बनेको त्यही शीर्षकको टेली शृङ्खला पनि लोकप्रिय भएको थियो ।

ढिलै भए पनि सामाजिक भेदभावविरुद्ध जनचेतना निर्माण र विस्तार गर्ने उद्देश्यमूलक टेली शृङ्खला बनाउने कामको सुरुआत पनि हुन थालेको छ । अविनाश श्रेष्ठको लेखन र कृष्णमुरारी ढुङ्गेलको निर्देशनमा बनेको टेली शृङ्खला 'काली गण्डकीको सेरोफेरो' ले दलितहरूको दुरावस्था उद्घाटित गर्ने राम्रो प्रयास गरेको छ । यस्ता विषयमा टेली शृङ्खलाहरू बन्ने प्रक्रिया अहिले पनि अवरुद्ध

भएको छैन । साहित्यकार आहुतिको लेखन र चलचित्रकर्मी नवीन सुब्बाको निर्देशनमा 'दलन' नामक टेली शृङ्खला बनिरहेको छ । एउटा कुशल चलचित्रकर्मीको रूपमा योग्यता प्रमाणित गरिसकेका नवीन सुब्बाको निर्देशनमा बन्ने टेली शृङ्खलाले यस विधाको विशिष्ट स्वरूप उजागर गर्ला भन्ने धेरैले आशा गरेका छन् । तर यहाँ म तिनको विषयमा चर्चा गर्न लागिरहेको होइन । साहित्यलाई चलचित्रको रूपमा रूपान्तरण गर्ने विषयमा आउने गरेका कठिनाइ र चुनौतीहरूलाई म आफ्नो निजी अनुभवमा आधारित भएर लेख्ने प्रयत्न गरिरहेको छु ।

कुनै साहित्यिक रचनालाई त्यसको सामाजिक, सांस्कृतिक र कलात्मक मूल्यको दृष्टिबाट हेर्ने र तद्अनुरूप बुझ्ने काममा चलचित्रकर्मीको योग्यता पुगेन भने चलचित्र निर्माण-प्रक्रिया नै दुर्घटनाग्रस्त हुन्छ । त्यस्तो दुर्घटना दुई किसिमको हुनसक्छ । एक, अयोग्यहरूको समूहले निर्माण सम्पन्न गऱ्यो भने त्यो चलचित्र कलात्मक र कतिपय अवस्थामा वैचारिक रूपले समेत गलत बन्न पुग्छ । दुई, त्यस्तो समूहले बनाउने प्रयत्न गरेको थाहा भयो भने बनिनसक्दै विवाद सुरु हुन्छ, चर्किन्छ र अप्ठ्यारो ठाउँमा पुगेर निर्माण कार्य दुर्घटनाग्रस्त हुन्छ । दोस्रो किसिमको दुर्घटनाको द्रष्टा भएको मेरो अनुभव छ । यस्तो किसिमको अनुभव मेरालागि एउटा गतिलो शिक्षा पनि हो । यस रचनामा म त्यही शिक्षाको सानो पाटोलाई सामान्य पाठकमा वितरण गर्ने प्रयत्न गर्दैछु । यस प्रयत्नले कला प्रक्षेपणको माध्यमका समस्याहरूलाई एउटा सानो प्वालबाट चियाएर निरीक्षण गर्न सहयोग पुऱ्याउनेछ भन्ने मलाई लाग्छ ।

साहित्यिक कृतिलाई पटकथामा रूपान्तरण गर्ने प्रयास मैले २०५२ सालतिर गोविन्दबहादुर गोठालेको उपन्यास 'पल्लो घरको झ्याल' बाट थालेको थिएँ । महेन्द्रभक्त श्रेष्ठ नाउँका चलचित्रकर्मीले मलाई त्यस कामका निम्ति रोजेका थिए । तर काम टुङ्गिने बेलातिर उनले मसँग सम्पर्क विच्छेद गरे । छ भागको टेली शृङ्खलामा मैले चार भाग लेखिसकेको थिएँ । पाँचौँ र छैठौँ भाग लिन उनी मकहाँ आएनन् । त्यसको करिब दुई वर्षपछि पटकथा लेखकमा आफ्नो नामसमेत हालेर उनले त्यसको प्रदर्शन गरिसकेछन् । मैले धेरैपछि मात्र थाहा पाएँ । त्यस बेला ती महेन्द्रभक्तले मसँग मेरो लेखन परीक्षा लिएजस्तो गरी हृदयचन्द्रसिंह प्रधानको उपन्यास 'एक चिहान' माथि पनि टेली शृङ्खला बनाउने भनेर एक भागको पटकथा लेखाएका थिए । बडो उत्साहित भएर मैले लेखेको थिएँ र उनले पनि निकै मन पराएको कुरा मलाई सुनाए । त्यसपछि हामी 'पल्लो घरको झ्याल' तिर पुगेका थियौँ । पटकथा लेखन सकिने बेलातिर अप्रत्याशित रूपले उनी गायब भएका थिए ।

## पटकथा लेखनको पूर्वकथा

अखबार तथा मासिक पत्रिकाहरूमा मैले सिनेमाका विषयमा टिप्पणी र समीक्षाहरू पनि लेख्ने गरेको थिएँ, अझै पनि म कहिलेकाहीँ त्यस्तो काम गर्छु । त्यसमा साहित्यिक परिचय पनि मिसिएपछि मलाई पटकथा लेख्ने हैसियत दिन शुभचिन्तकहरू आइपुगेका थिए । भन्न सकिन्छ : सिनेमाका विषयमा मेरो रुचिलाई शुभचिन्तकहरूले ज्ञानको रूपमा बुझ्न थालिसकेका रहेछन् । 'हल्लै हल्लाको देश' मा म पनि हल्लाको विषय बनिसकेछु । मेरो लागि यो एक प्रकारको रमाइलो नै थियो । यही रमाइलोलाई अझ घनीभूत पार्न कृष्णमुरारी ढुङ्गेल नाउँका एकजना चलचित्रकर्मी २०५६ सालको कुनै एकदिन अकस्मात् मेरो आँगनमा आइपुगे । उनी खगेन्द्र सङ्ग्रौलाको उपन्यास 'जूनकीरीको सङ्गीत' लाई तीस भागको टेली शृङ्खला बनाउने योजनासहित म कहाँ आइपुगेका थिए । उनको यति ठूलो योजनालाई सफल पार्न उनी मलाई पटकथा लेखिदिने प्रस्ताव गर्न आइपुगेका रहेछन् । तर उनी यति उत्साहित र आतुर भएर आएका थिए कि मलाई उनको त्यस किसिमको आतुरीले अनिष्टको सम्भावनातिर सङ्केत गरिरहेको थियो ।

दलितहरूको कथा भएकाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एक्सन एडले 'जूनकीरीको सङ्गीत' लाई टेली शृङ्खला बनाउने विचार गरेको रहेछ । कृष्णमुरारी निर्देशक चुनिएका रहेछन् । पटकथा लेख्नको निम्ति पहिला त्यस क्षेत्रमा अभ्यस्त लेखक अविनाश श्रेष्ठलाई छानिएको रहेछ । दलितहरूकै विषयमा बनेको त्यति बेलाको चर्चित टेली शृङ्खला 'कालीगण्डकीको सेरोफेरो' का लेखक अविनाशलाई त्यसका निर्देशक कृष्णमुरारीले 'जूनकीरीको सङ्गीत' का निम्ति पनि पटकथा लेखक छान्नु स्वाभाविक र उपयुक्त दुवै थियो । अविनाश श्रेष्ठले लेख्ने सहमति जनाएर केही पैसा पनि लिइसकेका थिए । तर, सम्भवतः हतार हतार लेख्न लगाउने परिस्थिति बनेपछि अविनाशजी यस परियोजनाबाट पन्छिन खोजे । अन्ततः लिइसकेको पेश्की पारिश्रमिक फिर्ता गरेर उनले पटकथा नलेख्ने निर्णय लिएछन् । त्यस्तो भएपछि नयाँ पटकथाकार खोज्दै कृष्णमुरारी मेरो आँगनमा आइपुगेका थिए । त्यसरी आउँदा कृष्णमुरारी र कृष्ण पाठक दुवै जना अविनाश श्रेष्ठसँग विच्छेद भएको समझदारीबाट खर्च भएको समयको क्षतिपूर्ति समेत गर्ने मूड लिएर आएका थिए । त्यसैले उनीहरू मलाई सकेसम्म छिटो लेख्न लगाउने मनस्थितिमा प्रस्तुत भएका थिए । त्यस्तो मनस्थितिलाई मसँग व्यक्त गर्ने चाहिँ कृष्णमुरारी ढुङ्गेल नै थिए । तीस भागको सिरियल बनाउने र बढीमा तीन महिनाभित्र तीसै भाग लेखिसक्नु पर्ने उनको निष्कर्ष थियो । कमजोर आयस्रोतमा जीविकोपार्जन गरिरहेको अवस्थामा आर्थिक लाभ समेत हुने भएकोले कृष्णमुरारीको

प्रस्तावलाई स्वीकार गर्नु मेरो बुद्धिमानी हुन्थ्यो । त्यसैले मैले प्रस्ताव स्वीकार गरेँ । तर कृष्णमुरारीजी निकै आतुरीमा थिए । उनले सोधे :

"दाइ, हप्तामा तीन भाग लेख्न सकिन्न र ?"

"कहाँ सक्नु, राम्ररी लेख्ने हो भने हप्तामा एक भाग मात्र लेख्न सकिन्छ ।"

"हप्तामा दुई भाग त लेख्नै पर्छ दाइ ।"

"निकै गाह्रो हुन्छ । त्यहाँमाथि किताब फेरि पढ्नु पऱ्यो । पटकथाको ढाँचा परिकल्पना गर्नु पऱ्यो । कथा-भूमिको स्थलगत अध्ययन गर्नु पऱ्यो । केही अनुसन्धान पनि गर्नु पऱ्यो । गतिलो लेख्ने हो भने हतार हतार सक्ने हिसाब नगर मुरारी, राम्रो हुँदैन ।" अलि आजित भएपछि मैले भनेँ । तर उनलाई यस भनाइले छोइरहेको थिएन ।

उनी छिटो लेखियोस् र छिटो शुटिङमा जान पाइयोस् भन्नेमा नै केन्द्रित थिए । त्यहाँमाथि टेली शृङ्खला बनाउन तम्सिएको संस्थाका प्रतिनिधि बनेर म समक्ष आएका कृष्ण पाठकजी कृष्णमुरारीलाई नै उकेरा लाउने किसिमले छिटो लेख्न मलाई झन् अत्याइरहेका थिए । उनीहरू विषयको गम्भीरता र लेखन प्रक्रियाको जटिलतालाई बुझ्न असमर्थ थिए । छिटो गर्नुपर्ने थुप्रै कारणहरूमध्ये चालू आर्थिक वर्षको बजेटलाई ध्यानमा राखेर काम छिटो सक्नुपर्ने खालको कुरा पनि उनीहरू गरिरहेका थिए । यो चाहिँ कुरा मैले बुझ्न सक्ने खालको थिएन । तैपनि सरसल्लाह, गलफत्ति र चिन्तन-मननपछि 'जूनकीरीको सङ्गीत' को पटकथा हप्तामा दुई भाग लेख्ने गरी मैले सहमति जनाएँ । त्यो सहमति मैले एउटा बोझिलो मनस्थितिमा गरेको थिएँ । त्यसपछि खगेन्द्र सङ्ग्रौला सहित बसेर थप कुरा छिटै गर्ने सहमति पनि गरियो । यी सहमतिहरूलाई साथ लिएर म घरमै बसेँ भने कृष्णमुरारी र कृष्ण पाठकहरू विदा भए ।

एउटा ठूलो जिम्मेवारीका निम्ति मलाई राजी गराएर दुई कृष्णहरू गएका थिए । तर म त्यस जिम्मेवारीको गौरवबोध गर्न सकिरहेको थिइनँ । त्यसैले उनीहरू गएपछि ममा उत्साहको कुनै सुन्दर अनुभूति उम्रिएन । त्यसको विपरीत मेरो दिमागमा 'जूनकीरीको सङ्गीत' को चापले मभित्र उब्जिएका पूर्व दृश्यहरूको बेगवान आँधी मडारिन थाल्यो । ती पूर्वदृश्यहरू नेपालको सांस्कृतिक पर्यावरणलाई बुझ्न र बुझाउन थोरै भए पनि उपयोगी हुनेछन् भन्ने मलाई लाग्छ । तसर्थ म ती दृश्यहरू पनि प्रस्तुत गर्न चाहन्छु:

चिच्याएर कविता पढ्ने एकजना दाह्रीवाल युवाकवि हुनुहुन्छ– अर्जुन पराजुली । अब त उहाँलाई वरिष्ठ कवि पनि भन्न थालिएको छ । उहाँले कुनै एक दिन मलाई खगेन्द्र सङ्ग्रौलाको हवाला दिएर जूनकीरीको सङ्गीतको टाइप गरिएको एक चाङ

नारायण ढकालसम्म पुऱ्याइदिन भन्नुभयो । मैले त्यस भनाइलाई अवज्ञा गरिनँ । पुतली सडकको पेटी हुँदै म अर्जुन पराजुलीसँग बागबजारस्थित भुँडी पुराणको कार्यालयमा पुगेँ । त्यो कार्यालय एकतला माथि रहेछ । त्यस दिन के भएर हो बत्ती निभेको थियो । कार्यालयका कोठाहरू जङ्गली गुफाहरूजस्तै अँध्यारा थिए । अर्जुनजीले जसोतसो मैनबत्तीको जोहो गर्नु भयो । मैनबत्तीको मधुरो प्रकाशमा उहाँले उपन्यासको कतै राखिएको टाइप गरिएको एक चाङ फेला पार्नु भयो । त्यसपछि उहाँले त्यो चाङलाई एउटा ठूलो खाममा हालेर मलाई थमाउनु भयो । एकातिर मात्र टाइप गरिएको करिब छ सय पृष्ठको प्रकाशोन्मुख उपन्यास जूनकीरीको सङ्गीत मैले आफ्नो हातमा उचालेँ । त्यसपछि म अर्जुनजीसँग विदा भएर हिँडे ।

त्यस ताका पनि नारायण ढकालसँग मेरो राम्रै उठबस र भेटघाट भइरहन्थ्यो । त्यसैले त्यो उपन्यासको चाङ उहाँलाई दिलाउन म सबभन्दा सजिलो माध्यम थिएँ । त्यसैले उपन्यासकार खगेन्द्र सङ्ग्रौलाले गोविन्द वर्तमानमार्फत नारायण ढकाललाई पुऱ्याइदिनु भनेर भुँडी पुराणका सदस्यमध्ये एक अर्जुन पराजुलीलाई अह्राउनु भएको रहेछ । त्यति बेला खगेन्द्र सङ्ग्रौला चाहिँ कुनै कामले पोखरातिर जानु भएको थियो । त्यसैले नारायण ढकाललाई मैले पाण्डुलिपिको चाङ पुऱ्याइदिनु पर्ने स्थिति आएको थियो । तर कारणवश त्यस बेला दुई चार दिनसम्म नारायण ढकाल भेटिएका थिएनन् । मैले उपन्यासको खामबन्दी चाङ आफ्नो घरमा लगेँ । त्यसको दुई तीन दिनपछि मबाट त्यो चाङ नारायण ढकालको हातमा पुग्यो ।

पाण्डुलिपि हात परेको चार दिनपछि त्यसलाई पढिसकेर नारायण ढकालले मलाई फोनमा प्रतिक्रिया जनाउनु भयो । उहाँको प्रतिक्रियाको निचोड थियो– पठनीयताको दृष्टिले मात्र होइन वैचारिक दृष्टिले समेत उपन्यास त्रुटिपूर्ण छ । नारायण ढकालजस्तो खुकुलो वैचारिकता भएको लेखकले समेत वैचारिक दृष्टिले त्रुटिपूर्ण भनेपछि उपन्यास वास्तवमै कमजोर रहेछ भन्ने मलाई विश्वास भयो । जूनकीरीको सङ्गीतको बारेमा नारायणजीले दिएका तर्क र विवरणहरू समेत सम्पूर्ण रूपमा मैले हरिगोविन्द लुइँटेललाई सुनाएँ । त्यसपछाडि रहेको मेरो आशय साहित्यिक सुन्दरता र वैचारिक निष्ठाबाट निर्देशित निर्दोष आशय थियो । साथै मेरो र हरिगोविन्दजी दुवैको सदिच्छा के पनि थियो भने खगेन्द्र सङ्ग्रौलाको वैचारिक छविलाई उकास्न सहयोग पुऱ्याउनु हाम्रो पनि कर्तव्य हो । त्यही भावनाले गर्दा उपन्यासलाई परिमार्जन गरेरमात्र छाप्न खगेन्द्र सङ्ग्रौलासँग कुरा गर्नुपर्ने विचार हामीले बनायौँ ।

मैले र हरिगोविन्दले उपन्यास पढेका थिएनौँ । त्यस्तो सुयोग पर्ने सम्भावना नै थिएन । त्यसैले उपन्यासका त्रुटिहरूबारे एकपटक फेरि यकिन गर्न हामीले

नारायणजीलाई बोलायौँ । बागबजारको श्रेष्ठ टेलरिङ पछाडिको एउटा फास्ट फूड किचेन पछाडि राखिएका प्लास्टिकका सेता मेचहरूमा बसेर नारायण ढकाल, हरिगोविन्द लुइँटेल र म जूनकीरीको सङ्गीतको कथा र त्यसका घटना-विवरणहरू नारायण ढकालको मुखबाट सुन्न थाल्यौँ ।

सबै कुरा सुनिसकेपछि हाम्रो निष्कर्ष रहेको थियो– उपन्यास यथावत् छापिनबाट रोक्नु पर्छ । तर समस्या थियो । खगेन्द्र सङ्ग्रौला पोखराबाट आइसक्नु भएको थिएन । अनि हामीले नारायणजीलाई आ-आफ्ना विचारहरू सुनायौँ र खगेन्द्रदाइ आइपुग्नेबित्तिकै यसबारे नारायणजीले उहाँलाई सविस्तार सुनाउने र सकिन्छ भने परिमार्जन गरेर मात्र छाप्न दिने, यतिसम्म कि छाप्न थालिइसकेको रहेछ भने रोक्न समेत लगाउने भन्ने हाम्रो सल्लाह भयो । तर हाम्रो चिन्ताग्रस्त सल्लाह अन्ततः अर्थहीन ठहरियो ।

खगेन्द्र सङ्ग्रौला पोखराबाट आइपुग्नेबित्तिकै एक दिन चावहिलको शम्भुको चियापसलअगाडि उहाँसँग हाम्रो भेट भयो । नारायणजीले खगेन्द्रसँग आफ्नो कुरा भन्न थाल्नुभयो । उहाँले भनिरहेको कुरा मेरो र हरिगोविन्दजीको कुरा पनि थियो । कुराकानी चलिरहेको बेला म एकछेउमा थिएँ र परिणाम अप्रिय आउने सङ्केत देखिइरहेको थियो । मलाई त्यस क्षण ग्लानि र सकस दुवै भयो । त्यसैले दुई आख्यानकारलाई अल्झिरहन दिएर म त्यहाँबाट लुसुक्क हिँडेँ ।

त्यसको भोलिपल्ट मैले वार्ताको निचोड सुन्न पाएँ । निचोड के थियो भने खगेन्द्र सङ्ग्रौलाले कुनै पनि कुरालाई स्वीकार गर्ने जाँगर देखाउनु भएन । नारायणजीका सुझावहरूलाई उहाँले सजिलै अस्वीकार गरिदिनु भयो । नारायण ढकालले प्रसिद्ध भारतीय साहित्यकार महाश्वेता देवीको रचना-प्रवृत्तिको उदाहरण दिएर समेत दलित र जनजाति आन्दोलनमा गैरसरकारी संस्थाको भूमिका निर्णायक होइन, सहायक मात्र हुन्छ भन्ने कुरा बताउनु भएको थियो । त्यसो भनेर उहाँले जूनकीरीको सङ्गीतमा कम्युनिस्ट आन्दोलनसहित समग्र राजनीतिक दलहरूविरुद्ध आक्षेप पुग्ने गरी गैरसरकारी संस्था नै निर्णायक भएको गलत सन्देश निर्माण हुन पुगेको छ भन्ने विचार व्यक्त गर्नु भएको थियो । तर खगेन्द्र सङ्ग्रौलाले त्यो कुरा स्वीकार गर्नु भएन । नारायणजीबाट यो कुरा थाहा पाएपछि अब हामीमा यससम्बन्धी कुनै उत्साह बाँकी रहेन । हामी यसरी हतोत्साहित भएको करीब तीन हप्तापछि जूनकीरीको सङ्गीत बजारमा आयो ।

लेखकबाट एकप्रति पुस्तक पाउने नै छु भन्ने निरीह आसमा मैले पुस्तक किनिनँ । तर त्यस्तो भएन र बजारमा आएको एक महिनासम्म मैले पुस्तक पढिनँ । पछि *मूल्याङ्कन* कार्यालयमा भएको एक प्रति पुस्तक हरिगोविन्दजीले पढिसकेपछि मैले पनि पढ्ने मौका पाएँ । प्रथम पाठकको हैसियतले पढेर नारायण

ढकालजीले हामीलाई बताउनु भएजस्तै उपन्यास गलत विचार र कमजोर सौन्दर्यको खिचडी रहेछ । त्यसैले त्यो किताब पढिसकेपछि एउटा टिठ र खिन्नता मेरो मनभरि व्याप्त भयो । त्यस्तो किन पनि भएको हो भने खगेन्द्र सङ्ग्रौलाले त्यसलाई लेख्नुअघि त्यसका सामग्रीहरू सङ्कलन गर्न थुप्रै परिश्रम गर्नुभएको तथ्य मलाई राम्ररी थाहा थियो । सामग्री सङ्कलित भएपछि उहाँ वेगनास तालको छेउमा रहेको आत्मनिर्भर विकास मञ्चको तालिम-भूमिमा गएर लेख्न थाल्नु भएको थियो । त्यो परिश्रम र त्यस्तो एकान्तवासबाट सिर्जित पुस्तक एउटा सुन्दर कलाकृति हुनुपर्छ भन्ने मेरो पर्याप्त आग्रह थियो । यही आशयको कुरा एक दुई पटक खगेन्द्र सङ्ग्रौलालाई मैले पनि भनेको थिएँ । तर खगेन्द्र सङ्ग्रौलाले उपन्यासमा हाम्रा आग्रहहरूमाथि न्याय गर्नु भएको पाइएन । अन्तिम चरणमा नारायण ढकालले भन्नु भएका कुराहरूप्रति पनि उहाँ गम्भीर हुनु भएन । त्यसैले उपन्यास गतिलो भएन र मजस्तो पाठकलाई एउटा खिन्नता मनभरि व्याप्त भयो । त्यसपछिका दिनहरूमा जूनकीरीको सङ्गीतका बारेमा मौनता साधेर मैले खगेन्द्र सङ्ग्रौलासँगका भेटहरूमा एक किसिमको सकसपूर्ण उपस्थिति जनाइरहेँ । त्यस्तो सकसको तुष अझै पनि मनमा अडेकै छ ।

हामीले सुरुमै अनुमान गरेजस्तै नेकपा माओवादीका सांस्कृतिक क्षेत्रका वरिष्ठ व्यक्तिहरू ऋषिराज बराल र साहित्यिक लेखनमा चैतन्य नामले चिनिने मोहन वैद्य र माओवादीका अध्यक्ष स्वयं प्रचण्डले खगेन्द्र सङ्ग्रौलाको पर्याप्त आलोचना गरे । उपन्यासको प्रचारलाई त्यसले राम्रो सहयोग पुऱ्यायो । मार्टिन चौतारीले दुई दुई पटक त्यस उपन्यासमाथि छलफल आयोजना गऱ्यो । त्यसले पनि उपन्यासको विक्री प्रवर्द्धनमा सघाउ नै पुऱ्यायो । तत्कालीन अवस्थामा उपन्यास राम्रैसँग विक्री भयो र लेखक तथा प्रकाशकहरू प्रसन्न भए । तर नेपाली साहित्य प्रसन्न भएको अनुभव भएन । वैचारिक त्रुटिको कारणले प्रगतिशील क्षेत्रले त्यसको आलोचना र उपेक्षा गऱ्यो भने अर्को क्षेत्रले कम्युनिस्ट साहित्य भन्ठानेर उत्तिकै उपेक्षा गऱ्यो । त्यसका कारणहरू यस्ता थिए: उपन्यास जूनकीरीको सङ्गीतमा दलित आन्दोलन उठाउने, अघि बढाउने र दलितहरूलाई मुक्ति दिलाउने केन्द्रीय शक्तिको रूपमा 'आखुआउ' नाउँको एउटा गैरसरकारी संस्थालाई प्रस्तुत गरिएको छ । यो प्रस्तुति किन बढी विवादास्पद भएको छ भने लगभग उपन्यासको फलकभरि यस संस्थालाई प्रमुखता दिइएको छ, तर नेपाली काङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादीजस्ता राजनीतिक दलहरूलाई आलोचना र उपहास गरिएको छ । लगभग सर्वस्वीकृत मान्यता हो– असल काम गरिरहेका कम विवादास्पद गैरसरकारी संस्थाहरू सामाजिक जागरण र सुधारका लागि भरपर्दा

सहयोगी मात्र हुन सक्छन् तर निर्णायक शक्तिहरू भने राजनीतिक दलहरू नै हुन् । उपन्यासमा यसको विपरीत सन्देश प्रवाहित भएको छ र वैचारिक रूपले यो गलत भएको छ ।

कलात्मक रूपले पनि यो उत्कृष्ट छैन । किनभने यसको भाषा शैली दुवै आकर्षक छैनन् । आख्यानमा प्रयोग हुने शास्त्रीय किसिमको प्राञ्जल भाषा पनि यसमा छैन । आधुनिक किसिमको चमत्कारिक भाषा पनि यसमा छैन । शैलीगत चमत्कार र प्रस्तुतिमा गरिने नवीनताको अपेक्षालाई पनि यस उपन्यासले पूरा गर्न सकेको छैन । सम्भवतः सरलताको अत्यधिक आग्रह वा आधिकारिकताको निरपेक्ष मोहले गर्दा उपन्यासमा स्थानीय भाषिकालाई मात्र प्रयोग गरियो र राम्रो भएन । पात्रहरूको भाषालाई यथावत् राखेर आख्यानकारको भाषा चाहिँ स्तरीय नेपाली भाषा प्रयोग गरिएको भए यो उपन्यास यो दोषबाट सजिलै मुक्त हुने थियो । त्यस्तो भएन । त्यसैले उपन्यास कमजोर भयो । यस्तो परिप्रेक्ष्यमा म पटकथा लेख्ने कामको निम्ति तम्सिएको थिएँ । उपेक्षा, चर्चा र विवादको चेपमा परेको कृतिमाथि पटकथा लेख्नु अन्य कथामाथि पटकथा लेख्नुभन्दा जोखिमयुक्त काम थियो । म त्यही जोखिम उठाउन अग्रसर भएँ । यसको मूर्त कारणलाई म यसरी उल्लेख गर्न चाहन्छु :

उपन्यास 'जूनकीरीको सङ्गीत' औपन्यासिक कृतिको रूपमा शक्तिशाली हुन नसके पनि यसले ग्रहण गरेको विषय शक्तिशाली छ । किनभने दलितहरूको सामाजिक, सांस्कृतिक र पारिवारिक दुरावस्थालाई यसले उजागर गरेको छ । त्यस दृष्टिले यो उपन्यास एक हदसम्म प्रशंसनीय पनि छ । दलितहरूको विषयलाई स्थलगत अध्ययन गरेर यसअघि यति ठूलो आयतनमा कसैले कुनै किताब तयार पारेको थिएन । दलितहरूमा मूलतः पर्वत जिल्लाका दमाईहरू तथा अंशतः कामी र सार्कीहरूलाई उपन्यासमा ठाउँ दिइएको छ । तथाकथित माथिल्लो जातले दलितहरूमाथि थोपरेको उत्पीडनलाई मात्र होइन, दलितहरूबीच आपसमा रहेको छुवाछूतलाई पनि उपन्यासमा दर्शाइएको छ । तसर्थ यो उपन्यास पढ्ने सामान्य पाठकले नेपाली समाजको एउटा तीतो यथार्थबारे सूचना र शिक्षा प्राप्त गर्दछ । त्यही कारणले दलित मुक्तिको विषयसँग सरोकार राख्ने व्यक्ति र संस्थाहरू यस पुस्तकसँग पनि सरोकार राख्दछन् । त्यस्तै सरोकार राखेर अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यसमाथि टेली शृङ्खला बनाउने उपक्रम गरेको थियो । दलितहरूको उत्थानमा सरोकार राख्ने एउटा लेखकको नाताले मैले पनि प्रकाशित हुनुअगावै यसमा सरोकार राखेको थिएँ । किताब प्रकाशित भएपछि एउटा औपन्यासिक कलाकृतिको रूपमा यो जतिसुकै विवादास्पद भए पनि

विवादास्पद पक्षलाई हटाएर वा घटाएर पटकथा लेख्न सकिएला भन्ने सोचद्वारा निर्देशित भएर पटकथा लेख्न तम्सिएको थिएँ । तथापि त्यस सोचलाई पारिश्रमिकको रूपमा आउने आर्थिक लाभ र पटकथाकारका रूपमा नाम बन्ने सामाजिक लाभको लोभले ऊर्जा थप्ने काम पनि गरेको वास्तविकता म स्वीकार गर्दछु ।

यो टेली शृङ्खला एक्सन एडको लगानीमा बन्न लागेको थियो । कथाकार खगेन्द्र सङ्ग्रौलासँग टेली शृङ्खला बनाउनको लागि स्वीकृति लिने काम पनि भइसकेको थियो । मैले बुझेअनुसार कृष्णमुरारी र कृष्ण पाठकको सरसल्लाह र पहलमा लागत अनुमान र बजेट वितरणको काम पनि भइसकेको थियो । तर त्यत्रो नाम चलेको संस्थाले बनाउन लागेको टेली शृङ्खलाको पटकथा लेखकले पटकथाकारको वैधानिक हैसियत पाएको थिएन । काम गर्नलाई औपचारिक सम्झौता गर्नुपर्छ र त्यो भरपर्दो क्रियाकलाप हो भनेर मैले पटकपटक भनेको पनि हुँ । तर उनीहरूले त्यो आवश्यक छैन भनेर मलाई पन्छाइरहे । निर्माताको प्रतिनिधि कृष्ण पाठक र निर्देशक कृष्णमुरारी ढुङ्गेलले मलाई किन त्यो हैसियत दिन रुचाएनन् भन्ने अप्रिय प्रश्नसँग म बारम्बार जम्काभेट गरिरहन्थेँ । लेखक र निर्माताबीच औपचारिक सम्झौता आवश्यक हुन्छ तर दुई कृष्णहरू त्यस्तो आवश्यकतालाई पूर्ति गर्न तत्पर भइरहेका थिएनन् । एउटा पटकथाकारको हैसियतले त्यत्रो परियोजनाको संस्थागत प्रक्रियामा प्रवेश नपाउनु वास्तवमा अनुचित थियो । त्यसैले मभित्र आशङ्काको धुवाँ पनि रङ्मगिइरहेको थियो । अत्यास, आशङ्का र छटपटीजस्ता अप्रियताहरूले मलाई पटकथा लेखनको विषयमा एकाग्र हुन दिइरहेका थिएनन् । ती तीन अप्रियतामध्ये एउटा आशङ्का निवारण गर्नका निम्ति मैले मलाई लेखनमा प्रस्ताव गर्न आउने मित्रहरूसँग कामको थालनीका लागि केही रकम पेश्की स्वरूप मागेँ । निकै गनगनपछि त्यो रकम आइपुग्यो । त्यो पनि मेरो मागअनुरूप नभएर कृष्णहरूको चाहनाअनुरूप आएको थियो । तैपनि हातमा अलिकति पैसा भएपछि त्यसलाई कामको निधो भएको एउटा प्रमाणको रूपमा लिएँ । काम थालिहाल्न अझै समस्या थियो । किनभने मसँग किताब थिएन । कृष्णमुरारीले किताब जुराइदिएपछि मैले त्यसलाई पटकथाकारको दृष्टिले पढ्न थालेँ । त्यसपछि आफ्नो सीमित क्षमताको उपयोग गरेर मैले उपन्यासलाई दृश्यहरूमा र दृश्यहरूको शृङ्खलालाई तीस भागमा प्रारम्भिक विभाजन गरेँ । अनि सुरु भयो पटकथा लेखन-प्रक्रिया ।

यस अवधिमा झण्डै दुई हप्ता बितिसकेको थियो । त्यसैले आफ्नो चञ्चले स्वभावअनुसार कृष्णमुरारी ढुङ्गेल मछेउ आइपुगे र सोधिहाले– गोविन्दाई कति भाग सकियो ?

"ए मुरारी यसो गऱ्यो भने त झन् ढिलो हुन्छ । भर्खर त किताब पढिसकियो । एकपल्ट धाइरिङ पनि जानु पर्छ । त्यसपछि बल्ल लेख्न थाल्ने हो ।"

मैले यस्तो उत्तर दिएपछि कृष्णमुरारी खिन्न देखिए । उनको अनुहारमा अर्थहीन छटपटीको सानो भुमरी परेको थियो । त्यसपछि मैले उनलाई केही प्रक्रियागत कुराहरू अर्थ्याएँ । अनि धाइरिङबाट फर्कनेबित्तिकै पटकथा लेख्न सुरु गर्ने कुरा भनेँ । तैपनि उनको अनुहारबाट अर्थहीन भुमरी हटिसकेको थिएन । यस्तै तनावहरूको बीचमा धाइरिङ जानका निम्ति आवश्यक खर्चको समेत व्यवस्था गरिदिन मैले उनीहरूलाई भनेँ ।

## उपन्यास-भूमिको यात्रापछि

त्यसको तीन दिनपछि म खगेन्द्र सङ्ग्रौलाको उपन्यास-भूमि पर्वत जिल्लाको धाइरिङमा पुगेँ । उपन्यासभित्र आइतेका रूपमा चित्रित पात्र दुर्गाबहादुर दर्जीले मलाई एउटा गतिलो गाइडले जस्तै गाउँ डुलाए । त्यस क्रममा मैले त्यहाँका थुप्रै पात्रहरूसँग चिनजान र संवाद गर्ने अवसर पाएँ । एउटा दलित बस्तीको वास्तविकता प्रत्यक्ष देख्न पाउनु मेरा निम्ति एउटा सुखद अनुभव थियो । यस अनुभवमा पढिएको किताब र देखिएको समाजका बीचमा रहेका समानता र असमानताहरूको ज्ञानले विशेष स्थान लिएको थियो ।

दुर्गाबहादुर दर्जी र उपन्यास-भूमिका अरू थुप्रै पात्रहरू आफ्नै बारेमा लेखिएको उपन्यासलाई लिएर प्रसन्न थिएनन् । उपन्यासमा आफूहरूलाई अपमानजनक ढङ्गले चित्रण गरिएको कुरा उनीहरू बारम्बार भनिरहेका थिए । दलितहरूलाई विष्टहरूबाट वास्तविकतामा भन्दा उपन्यासमा बढी हेपाइएको र दलाइएको छ भन्ने उनीहरूको गुनासो थियो । हेपाइ र अपमानको प्रतिविम्बन अतिशयोक्तिपूर्ण भएकोले उपन्यास पढ्दा दलितहरू झन् अपमानित भएको कुरा पनि उनीहरू भनिरहेका थिए । त्यति मात्र नभएर त्यस उपन्यासमाथि टेली शृङ्खला पनि सकभर नबनोस् भन्ने उनीहरूको विचार थियो । उनीहरूका यस्ता विचारहरू सुनेपछि मेरो उत्साह एकदमै शिथिल भएको थियो । तर मैले उनीहरूलाई टेली शृङ्खलाको औचित्यबारे आफूलाई थाहा भएसम्मका कुराहरू सुनाएँ । टेली शृङ्खला बनेछ भने त्यसले दलित मुक्तिको विषयलाई आम समुदायबाट व्यापक समर्थन आर्जन गर्न ठूलो सहयोग जुटाउन सक्छ भन्ने बताएँ । यसरी मैले उपन्यासमा टिपिएका पात्रहरूलाई आफ्नो क्षमताअनुसारको प्रवचन पिलाएँ । उपन्यासमा भएका त्रुटिहरूलाई टेली शृङ्खलामा सच्याउन सकिन्छ भन्ने बुझाएँ । त्यसका निम्ति उनीहरूका सुझावहरू पनि थिए । दलितहरूका विषयमा उपन्यासमा अतिरञ्जनात्मक किसिमले गरिएका

चित्रणलाई पटकथामा यथार्थसम्मत तुल्याउने एउटा प्रमुख सुझाव थियो । उपन्यासभित्र सबैजसो राजनीतिक दलहरूलाई गरिएका आलोचनालाई घटाउने अर्को प्रमुख सुझाव थियो । नेपालको सन्दर्भमा गैरसरकारी संस्था गतिला र अगतिला दुई थरीका छन् भन्ने कुरा कुनै तरिकाले प्रस्ट पार्नु पर्छ भन्ने सुझाव पनि आएको थियो । यी तीनैओटा सुझावभन्दा प्रभावकारी सुझाव थियो– कुनै पनि किसिमको मुक्ति आन्दोलनमा राजनीतिक दल र तिनका विचारहरू नै निर्णायक हुन्छन्, गतिलो गैरसरकारी संस्था त्यस्तो आन्दोलनमा सहयोगी मात्र हुनसक्छ । त्यसैले टेली शृङ्खलाको पटकथामा यही यथार्थअनुरूप दृश्य लेखिनु पर्छ । काठमाडौँको बौद्धिक जगतमा होइन, पश्चिम पहाडको दलित गाउँमा मैले दलितहरूबाटै पाएका ती सुझावहरू निकै महत्त्वपूर्ण थिए । ती सुझावहरूलाई कागजमा टिप्ने काममा म निकै सक्रिय रहेँ । यस्तो सक्रियताको एक चरण पार गरेर काठमाडौँ आइपुग्दा पटकथा लेखनका निम्ति मसँग एउटा अर्को चुनौती थपिएको मैले अनुभव गरेँ । त्यो भनेको उपन्यासका पात्रहरू बनाइएका दलितहरू र उपन्यासकार दुवै थरीको संवेदनालाई सम्मान गर्ने चुनौती थियो ।

पहिलो भाग लेख्न सुरु गरेको मात्र के थिएँ कृष्णमुरारी र कृष्ण पाठकजी आइपुगे । 'दाइ कति भाग सकियो ?' भन्ने प्रश्नबाट हाम्रो संवादको सिलसिला सुरु भएको थियो । भनिरहनु पर्दैन कृष्णमुरारीले संवाद सुरु गरेका थिए । संवादको सुरुआतदेखि नै मेरो मानसिक धरातल धमिलियो । हामीबीच पटक पटक हुने गरेका संवादहरूले लेखन कार्यलाई सघाउनुको साटो बिथोल्ने काम गरेका थिए । यस्तो कटु यथार्थलाई बुझ्ने प्रयास कसैले गरेन । फलस्वरूप लेखन-कार्य छिटो हुनुको सट्टा झन् ढिलो हुन थाल्यो । छिटो, छिटो र छिटो भन्ने शब्दको प्रहारले मस्तिष्कमा सिर्जनाको आनन्दको सट्टा तनावले डेरा जमायो र लेखन मेरो आफ्नै क्षमताभन्दा पनि कमजोर हुनथाल्यो ।

यी सबै मानसिक तथा भौतिक अवस्थामा खगेन्द्र सङ्ग्रौला पनि साक्षी बसिरहनु भएको थियो । आवश्यक तथा अनावश्यक दुवै थरी भेटघाटमा कृष्णमुरारी र कृष्ण पाठकले उहाँलाई पनि संलग्न गराइरहेका थिए । तर चलचित्र र चलचित्र लेखनको विशिष्ट प्रक्रियामा उहाँको सहयोगी भूमिका हुनसक्ने लक्षण र सम्भावना दुवै थिएन । एउटा उपन्यासकारको हैसियतले चलचित्र लेखनको प्रक्रियामा समेत उहाँले केन्द्रीय स्थान पाइरहनु भयो । चलचित्र लेखनको चरणमा सामान्यतया उपन्यासकारको उपस्थिति आवश्यक हुने गर्दैन, तर यस योजनामा भने निर्माताको प्रतिनिधि र निर्देशक दुवैले खगेन्द्र सङ्ग्रौलालाई घिसारिरहे । त्यसले गर्दा खगेन्द्र सङ्ग्रौला पनि अनावश्यक रूपमा आजित हुने परिस्थिति समेत निर्माण भयो ।

जुन संस्थाको निम्ति पटकथा लेख्ने काम थालिएको थियो, त्यस संस्थासँग मेरो संस्थागत सम्बन्ध र औपचारिक भेटघाट भइरहेको थिएन । केही कुराले यस्तो सम्बन्ध स्थापनालाई छेकिरहेको थियो । औपचारिक कामको निम्ति पर्ने न्यूनतम् औपचारिकताको आवश्यकतालाई खगेन्द्र सङ्ग्रौलाले पनि बोध गर्नु भएको थिएन । संस्थाको प्रतिनिधि बनेर आउने मानिस निकै वाचाल थिए तर मलाई उनको बोलीमा विश्वसनीयताको अभाव अनुभव हुनथाल्यो । यो कुरा अनौपचारिक स्तरमा म खगेन्द्र सङ्ग्रौलासँग पनि गर्थें । उहाँलाई पनि मलाईजस्तै अप्रिय अनुभूति हुन थालिसकेको रहेछ । तर अनावश्यक रूपमै भए पनि केन्द्रीय भूमिकामा रहनुभएको उहाँले वातावरणलाई सहज तुल्याउन सक्नुभएन । तैपनि मैले जसोतसो लेख्ने कामलाई अगाडि बढाइरहेको थिएँ । दस भाग लेखिसकिएको थियो । म एघारौँ भागमा घिस्रिरहेको थिएँ । तर हाम्रो समग्र कार्यदलमा एक-अर्काप्रति व्यवहारमा पारदर्शिताको अभाव बढ्दै गएको थियो । त्यसको नतिजास्वरूप हामीहरू कोही पनि एक-अर्काप्रति खुसी र सन्तुष्ट भएनौँ । यस्तै अप्रिय र अनावश्यक तनावको बीचमा मेरालागि एउटा नकारात्मक निकास निस्कियो । त्यो निकास थियो– सम्पर्क विच्छेद ।

सातामा दुई पटक फोन सम्पर्क र एक पटक भेट गर्ने निर्माता-निर्देशकहरू अकस्मात् दुई सातासम्म सम्पर्कबाट बाहिरिएका थिए । यस अवधिमा मैले छिटो भए पुग्ने मित्रहरूलाई छिटो गर्ने हिसाबले थप दस भाग लेखिसिध्याएर बीस भाग पटकथा तयार गरिदिएँ । तर त्यस्तो हतारको लेखनसँग मै सन्तुष्ट थिइनँ । तैपनि एकसरो लेखिसकेपछि फेरि अर्को चरणमा केही परिमार्जन वा परिष्कार गर्नका लागि निर्देशक महोदयलाई अनुरोध गर्न सकिन्छ भन्ने सोचले मलाई अघिल्तिर तानिरहेको थियो । त्यसैले मैले लेख्ने कामलाई तदारुकताका साथ जारी राखेँ । अन्यौल, आशङ्का, अविश्वास र तनावका बीचमा यसरी 'जूनकीरीको सङ्गीत' को पटकथा पूरै लेखियो । एकसरो लेखिसकेपछि भने उनीहरू आऊन् भन्ने हुट्हुटी बढ्यो, तर उनीहरू आएनन् ।

त्यसको अझै केही दिनपछि एक दिन अप्रत्याशित किसिमले उनीहरूले लेखिसकिएको पटकथाको पाण्डुलिपि सामूहिक रूपमा हेर्ने र मिलाउनुपर्ने केही भए सल्लाहअनुसार मिलाउने प्रस्ताव गरे । तीन सातासम्म गायब भएको कुरा त्यति राम्रो नभए पनि यो प्रस्ताव चाहिँ राम्रै थियो । त्यसपछि मैले सकिएको पटकथाको चाङ दिएँ । त्यसपछि एक साता बित्यो । दुई साता बित्यो । तीन साता बित्यो तर उनीहरू फेरि सम्पर्कमा आएनन् । चावहिलको तरकारी बजारमा अकस्मात् भेटिएका खगेन्द्र सङ्ग्रौलालाई मैले उनीहरूका बारे सोधपुछ

गरेँ । यस पटकको मेरो प्रश्नलाई खगेन्द्र सङ्ग्रौलाले खुलस्त उत्तर दिनु भएन । दिन बित्दै गयो । अर्को एक दिन म अलि असहज मनस्थितिमा खगेन्द्र सङ्ग्रौलाको घरमै गएँ । यताउतिका अन्य कुरा गरेपछि मैले विषय प्रवेश गरेँ । बल्ल थाहा भयो– खगेन्द्र सङ्ग्रौलालाई हालचाल सबै थाहा रहेछ । यो जानकारी पाएपछि म भित्रभित्रै निकै रन्थनिएँ । मलाई लाग्यो, निर्माता पक्षले मलाई धोका दिन थालेको छ र खगेन्द्र सङ्ग्रौलाले त्यसलाई सघाइरहनु भएको छ ।

## नमिठो खिचडीको गन्ध

यसबीच खिचडी निकै पाकिसकेको रहेछ । निर्देशकमा कृष्णमुरारी ढुङ्गेललाई हटाएर कुनै अर्कै व्यक्तिलाई राखिसकिएको रहेछ । त्यो कुरा कृष्णमुरारीलाई समेत थाहा थिएन । नयाँ निर्देशक कृष्णमुरारीभन्दा गतिलो भन्ने आशयको विचार खगेन्द्र सङ्ग्रौला मलाई सुनाइरहनु भएको थियो । उहाँको यो विचार ज्ञानमा आधारित थिएन, अनुमानमा आधारित थियो । गतिलै निर्देशक भए पनि नयाँ निर्देशक राख्दा पटकथामा काम गरिरहेको मलाई समेत छलेर बढी चलाखी देखाउनु सफा खेल थिएन । यस्तो चलाखीभित्रको दुराशय बोध गरेपछि मलाई भएको मानसिक पीडालाई सम्झँदा अहिले पनि म पीडाका कारकहरूप्रति प्रतिशोधको भावना अनुभूत गर्छु । खगेन्द्र सङ्ग्रौलाबाट पाएको निर्देशक परिवर्तनको समाचारले मलाई निकै दिनसम्म रन्थन्याइरहेको थियो । अब के गर्ने होला ? यो प्रश्नलाई प्रभावकारी उत्तर दिन म असमर्थ भइरहेको थिएँ । निर्माता संस्थासँग औपचारिक सम्बन्ध स्थापित भएको भए यस्तो फोहोर परिस्थिति आउने थिएन । त्यसैले म आफ्नो मूर्खतालाई पनि आलोचना गरिरहेको थिएँ । अर्कोतिर म आफ्नो लोभलाई पनि आलोचना गरिहेको थिएँ । किनभने मलाई लागिरहेको थियो, आर्थिक र सामाजिक लोभले मलाई यस काममा घिसारिदिएको हो, यस्तो लोभको परिणाम दुःखद हुनु स्वाभाविक हो ।

तनाव र छटपटी बढ्ने र घट्ने प्रक्रिया चलिरहेको यस अवधिमा एक दिन अकस्मात् *कान्तिपुर* दैनिकमा ‘जूनकीरीको सङ्गीत’ को छायाङ्कन सुरु भएको समाचारमा मेरो आँखा पऱ्यो । हतारिएर मैले त्यसलाई पढेँ । छायाङ्कनस्थलमा पुग्दा मेरो पटकथा अर्कैको भैसकेको रहेछ । अब प्रस्ट भयो यस प्रकरणमा निर्देशकमात्र फेरिएको थिएन, एउटा पटकथाकारलाई मारेर अर्को जन्माउने काम पनि भएको रहेछ । त्यतिखेर एक्सन एडका तर्फबाट यस कामको निम्ति प्रतिनिधि बनेर आएका कृष्ण पाठकका आफन्त रहेछन्, केपी पाठक । यी केपी पाठक चलचित्र क्षेत्रमा भर्खरै ‘गाजल’ नाउँको एउटा सिनेमाको निर्देशन गरेर

आइपुगेका पात्र रहेछन् । मानिसहरू भन्थे– कृष्ण पाठकका भाइ हुन् केपी पाठक । आफन्त वा भाइ नै भए त कामको सिलसिलामा 'डिल' गर्न सजिलो हुने मात्र नभएर अपनत्वलाई बढाउन पनि सजिलो हुने भएकोले निर्देशकमा ढुङ्गेलजीलाई हटाएर नयाँ पाठकजीलाई राखिएको रहेछ । नेपाली समाजको मनोविज्ञान बुझ्नेहरूलाई यस्तो किन हुन्छ भन्ने प्रश्नको उत्तर खुलस्त लेखिरहनु पर्दैन । यो प्रकरणलाई बिस्तारै केलाउँदा अहिले मलाई के लाग्छ भने यस प्रकरणभित्र बौद्धिक दुर्बलता, मानसिक दुर्बलता र आर्थिक दुर्बलताले काम गरेको थियो । संस्था र पटकथा लेखकबीच औपचारिक सम्बन्धलाई छेक्नुमा आर्थिक दुर्बलताले काम गरेको थियो । अर्थ आर्जन गर्ने फोहोर तरिकालाई समाजको हरेक क्षेत्रमा फैलिन दिने मानसिक दुर्बलता यहाँ भने आफन्तलाई काम दिलाउने रोगको रूपमा समेत आएको थियो । चलचित्र-कलाको विशिष्ट ज्ञानमा कमजोर पात्रहरू यस प्रक्रियामा निर्णायक स्थानमा पुगेका थिए । एउटा निर्देशक फेरेर अर्को झन् कमजोर निर्देशक राखिनु तथा यस खाले त्रुटि भएको वास्तविकताको सामान्य बोध समेत नहुनु बौद्धिक दुर्बलताको उपज थियो । यसरी दुर्बलताहरूको दौडादौडमा एउटा कृति नजन्मिदै मरिरहेको थियो । यो एकदमै टिठलाग्दो, भत्सर्नायोग्य र अपमानजनक परिस्थिति थियो ।

म त्यस परिस्थितिलाई निरीह दर्शकले झैं हेरिरहेको थिएँ । तर अब मैले आफ्नो निरीहता भत्काउनु जरुरी भैसकेको थियो । किनभने मेरो अस्तित्वको एउटा महत्त्वपूर्ण भागलाई निर्ममतापूर्वक हत्या गरिएको थियो । त्यस हत्याको विपक्षमा उभिएर आफूलाई जोगाउनुको मसँग कुनै विकल्प थिएन । त्यसैले म त्यस युद्धमा आफ्ना शस्त्रहरू सहित मैदानमा उत्रिने मनस्थितिमा पुगेँ । अन्ततः म मैदानमा उत्रिएँ ।

## द्वन्द्व र विनाश

युद्ध गर्नलाई मसँग गतिला अस्त्रहरूको न्यूनता थियो । तर लेखनको क्षेत्रमा लामो समय बिताइसकेको हुनाले म धेरै कमजोर योद्धा पनि थिइनँ । त्यसका साथै चलचित्र क्षेत्रका केही उर्वर मानिस र रचनाकारहरूसँग मेरो सुसम्बन्ध पनि थियो । जतिसुकै पर पुगेको भए पनि मलाई अप्ठ्यारो पर्दा नवीन सुब्बाको नाम मेरो मनको छेउमा उभिन आइपुग्थ्यो । अप्ठ्यारो पर्दा ती मानिसहरूले मलाई नैतिक सहयोग दिन्थे । मेरो सार्वजनिक परिचयमा मिस्सिएको मेरो इमानदारिताप्रति उनीहरू कमसेकम सद्भाव राख्थे । यस प्रकारको सद्भावनाले मलाई नैतिक ऊर्जा पनि दिइरहेको थियो । त्यसैले आफ्नो कलमलाई नै मैले आफ्नो प्रारम्भिक

हतियारको रूपमा प्रयोग गर्न रुचाएँ । मेरो यस रुचिले मलाई मानसिक स्वास्थ्यको लागि फाइदा पुऱ्याउने काम गऱ्यो । यस प्रकरणमा ममाथि भएको धोका र अन्यायलाई चलचित्र-कलाबारे मेरा बुझाइहरूसँग जोडेर मैले *देशान्तर* लगायतका अखबारहरूमा आफ्नो विचार सार्वजनिक गरेँ । ठीक यति नै बेला मैले के थाहा पाएँ भने अब चाहिँ निर्माता-निर्देशक मण्डलीसँग खगेन्द्र सङ्ग्रौला पनि असन्तुष्ट हुनुभएको छ । निर्देशक फेर्ने चरणमा मसँग कुनै सल्लाह नगरे पनि अन्ततः उहाँ मेरै सोचको छेउमा आइपुग्नु भएको मैले महसुस गरेँ । आफ्नो असन्तुष्टिलाई आफ्नै किसिमले अखबारमार्फत उहाँले पनि सार्वजानिक गर्नु भयो । त्यसको केही समयपछि आफ्नो उपन्यासको समाजशास्त्रलाई पटक्कै नबुझ्नेहरूले आफ्नो कलाकृतिलाई तोडमरोड गरेर बिगारेको टिप्पणी उहाँले रुसी सांस्कृतिक केन्द्रमा आयोजित एउटा कार्यक्रममा पनि सार्वजनिक गर्नुभएको थियो । पटकथाकार र कथाकार दुवैको प्रतिरोधी विचार सार्वजनिक भएपछि त्यसको तत्काल नतिजा के देखियो भने अनधिकृत र अनैतिक व्यवहारको लिकमा हिँडेर धृष्टतापूर्वक थालिएको छायाङ्कन रोकियो । त्यसपछि स्वाभाविक रूपमा यस विषयलाई टेली शृङ्खला बनाउने अभियानमा हेलिएको संस्था एक्सन एडले गम्भीरतापूर्वक ध्यान दियो ।

खास गरी एक्सन एडका तत्कालीन निर्देशक शिवेशचन्द्र रेग्मीले यस विषयमाथि राम्ररी निरीक्षण गर्न थाल्नु भएपछि यस विषयले अनुसन्धानयोग्य दर्जा प्राप्त गऱ्यो । त्यसपछि एक्सन एडकी विशिष्ट पात्र द्युति बराल सहितको टोलीले छानवीन कार्यलाई अघि बढायो । खगेन्द्र सङ्ग्रौला र मसँग संस्थाका प्रमुख व्यक्तिहरूले सोधपुछ प्रक्रियालाई अघि बढाए । मैले आफ्नो विचारलाई खुलस्त ढङ्गले प्रस्तुत गरेँ । यसरी सोधपुछ र विचार आदान-प्रदानको प्रक्रिया दुई तीनपटकसम्म चल्यो ।

निर्माण गर्न अग्रसर संस्था र कथाकार तथा पटकथाकार पक्षबीच भएका प्राथमिक चरणका छलफलहरूमा निर्माण योजनामा खटिएका संस्थागत प्रतिनिधिहरूको व्यवहार नै मूलतः आलोचनाको विषय बनेको थियो । त्यसैले निर्माताको तर्फबाट एक्सन एडका निर्देशक शिवेशचन्द्र रेग्मीले नयाँ कार्यदल बनाएर सबै किसिमले नयाँ थालनी गर्ने प्रस्ताव राख्नु भएको थियो । त्यो भनेको एक्सन एडका नयाँ प्रतिनिधिहरू चयन गरेर र आपसी सल्लाहमा नयाँ समझदारी कायम गरी विधिवत् नयाँ शिराबाट फेरि कामको थालनी गर्ने कुरा थियो । यो प्रस्ताव विचारणीय थियो । तर आजित भएका खगेन्द्र सङ्ग्रौलाले यस प्रस्तावलाई मान्नु भएन । त्यसैले एउटा नराम्रो घनचक्करमा फसेर 'जूनकीरीको सङ्गीत' माथि बन्न लागेको टेली शृङ्खला बनेन । त्यतिमात्र नभएर अज्ञानता र

असमझदारीको शिकार भएको यो परियोजना लगभग सधैँका लागि नबन्ने सम्भावनाको खाडलमा जाकियो ।

यस घटनाको दुःखान्त भए पनि मसँग यसको सम्बन्धको सम्पूर्ण समाप्ति अझै भइसकेको थिएन । मप्रति सद्भाव राखेर पटकथा लेखनको निम्ति मलाई खोज्दै आएका कृष्णमुरारी ढुङ्गेल काम विशेषले युरोप यात्रामा गएका थिए । पछिल्ला विवाद र दुर्घटनाहरूबारे उनलाई थाहा थिएन । आफूलाई निर्देशकबाट हटाएर अर्कोलाई छानेको अप्रिय समाचारको तुष लिएर उनी युरोप पुगेका थिए । करिब तीन महिनापछि फर्केर आएपछि उनले मसँग केही कुरा बुझे । बाँकी कुरा एक्सन एडको सम्पर्कमा पुगेपछि उनीलाई थाहा भयो । मसँग सम्पर्कको प्रस्थानविन्दुमा उनी नै प्रमुख मानिस भएकोले सरोकारवाला संस्थाले पनि उनीबाट समेत कुरा बुझेर निर्णय लिनु आवश्यक थियो । त्यसैले अनौपचारिक रूपले यस परिघटनाको समाप्ति भए पनि औपचारिक रूपमा समाप्तिको घोषणा भैसकेको थिएन । यही कारणले मैले पाउनुपर्ने पारिश्रमिकको विषय ठूलो विवादको चक्रबाट बाहिर निस्किए पनि अङ्कको हिसाब अझै अलमलमा थियो । सारा शोषणहरूका विरोधमा यतिञ्जेल औँलो उज्याइरहेको एउटा लेखकले आफैँमाथिका प्रत्यक्ष शोषणहरूलाई स्वीकार गर्ने प्रश्नै थिएन ।

निर्माणमा होमिएको संस्थाको जाँचबुझ टोलीले अन्ततः कृष्णमुरारी ढुङ्गेलसँग पनि सोधपुछ गऱ्यो । त्यसपछि एउटा लामो प्रक्रियाको पुछारमा गएर द्युति बरालले मलाई डुब्न लागेको मेरो पारिश्रमिक उपलब्ध गराइदिइन् । त्यही लिएर म यस असफल यात्राबाट आफ्नो ठेगानमा फर्किएँ ।